गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

वेव : www.sukidahamun.gov.np
इ-मेल : gangadevmun@gmail.com
फोन नं.: +९७७-९८२९५०९२४५

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

## गाउँ कार्यपालिकाको मिति २०७५ माघ २७ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू

१. गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७५ को मस्यौदा माथी थप छलफल गरि अर्को बैठकबाट पारीत गर्ने ।

२. गाउँपालिकाको चालु आ.ब.का देहायका योजनाको नाम संशोधन गरि अनुमोदनका लागी गाउँसभामा पेश गर्ने ।

तपशिल:

| सि.नं. | साविकको योजनाको नाम | योजनाको संशोधित नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको गेट निर्माण | गाउँपालिकाको गेट निर्माण तथा फिल्डको पि.सि.सि निर्माण | गा. पा.को कार्यालय | रू. ६,००,०००। |
| २ | दलित लक्षित चेतना अभिवृद्धि कार्यक्रम | बल्ले देखि उपल्लो ताप्ला सम्म घोरेटो बाटो निर्माण | गंगादेव ६, रोल्पा | रू ५०,०००। |
| ३ | प्रानागाखोलादेखि देवलटाकुरा खानेपानी योजना | जिवनज्योति मा.वि. देखि देवलटाकुरा खानिखोलासम्म मो.बा. निर्माण मा थप | गंगादेव ६, रोल्पा | रू. २,००,०००। |
| ४ | स्वास्थ्य चौकि म्वालेखोला घडेरी निर्माण | स्वास्थ्य चौकि म्वालेखोला भवन मर्मत | गंगादेव ४ | रू. २,००,०००। |
| ५ | ठारापानी, रातिघारी, ठुलापैंया, लिखतकाटे लिफ्ट खानेपानी | ठारापानी, मछाइने सुपेगैरा लिफ्ट खानेपानी | गंगादेव ४ | रू. ७,००,०००। |

३. गाउँपालिकाले गत आर्थिक बर्षदेखि नै भाडामा लिएको बोलेरो गाडीको सम्झौता अनुसारको भाडा दरलाइ अनुमोदन गर्ने र यस आर्थिक बर्षमा उक्त गाडिको सम्झौता अनुसारको भाडा भुक्तानि सम्बन्धि कार्य यसै निर्णय अनुसार भएको मानिने।

४. गाउँपालिकामा कार्यरत सवै करार कर्मचारीहरूको करार सम्झौता २०७६ असार मसान्त सम्मको लागी नविकरण गर्ने ।

५. गाउँ कार्यपालिकाको कार्यालयले एम्बुलेन्स खरिदकालागी यस अधि प्रकृया सुरू गरि TATA Sumo 4WD Ambulence छनोट गरि खरिदकालागी प्रस्ताव पेश गरेकोमा उक्त मोडलको गाडी पहाडी क्षेत्रमा अनुपयुक्त रहेकोले सो सम्बन्धमा अवलम्बन गरिरहेको सम्पुर्ण खरिद प्रकृयालाइ खारेज गरि राम्रो मोडलको एम्बुलेन्स खरिदकालागी प्रकृया फेरी सुरू गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने ।

६. यस गंगादेव गाउँपालिका ७ नं. वडा कार्यालयको लागी जग्गा प्राप्तिकालागी गठन भएको कार्यदलको आर्थिक तथा प्राविधिक मुल्यांकनबाट उपयुक्त जग्गा छनोट गरि सिफारीस गरेको जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २७ बमोजिम खरिद गर्ने र जग्गा नामसारी गर्न गाउँपालिकाको तर्फबाट ७ नं. वडाका वडा अध्यक्ष र वडा सचिवलाइ खटाउने ।

७. संघ र प्रदेशबाट अनुदानमा प्राप्त भएका योजनाहरूको सम्झौता मिति २०७५ फाल्गुन मसान्त सम्म गरिसक्ने ।

८. गाउँपालिकाको नाममा गत आर्थिक बर्षहरूका बेरूजु घटाउनका लागी बेरूजु सम्परिक्षण सम्बन्धि आबश्यक कागजातहरू तथा प्रमाणहरू सहित अर्को बैठकमा छलफल गर्ने ।

९. गाउँपालिकाको आवधिक योजना निर्माण गर्नको लागी आबश्यक बजेटको सुनिश्चितता आगामी बैठकबाट टुंगो लगाउने ।

१०. गाउँपालिका भित्रका दीर्घरोगिहरू, अपांग र घाइते व्यक्तिहरूलाइ आर्थिक सहायता एवं राहत सहायता उपलब्ध गराउने ।

११. श्री बुद्धि विकास मा.वि. गंगादेव ६, राताmाटाले प्राविधिक विद्यालय (कम्प्युटर सम्बन्धि) सञ्चालनको लागी अनुमति दिने ।

१२. अपाङ्ग परिचय पत्र वितरण कार्य तथ्यांक संकलन गरि प्रचलित कानून बमोजिम गर्ने ।

१३. क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गंगादेव रोल्पा लाइ सहकारी दर्ताका लागी अनुमति दिने ।

१४. गाउँपालिकाको सशर्त अनुदान अन्तर्गत करार अ.न.मि. नियुक्ति शिर्षकमा बचेको रकम बाट मिति २०७६ असार मसान्त सम्मको लागी एक जना अ.न.मि.करार सेवामा नियुक्ति गर्नकालागी दरखास्त आह्वान गर्ने ।

१५. विविध सम्बन्धमा,

क) २ नं. वडा कार्यालयको मोटरसाइकल मर्मत गर्दा खर्चभएको बिल बमोजिमको रकम भुक्तानी दिने ।

ख) जिनावांग स्वास्थ्य चौकिमा २०७५ साउन देखि डोर हाजिरिमा कार्यरत रहेकि कार्यालय सहयोगी सरिता के.सी. लाइ मासिक ७,०००। अक्षेरूपी सात हजारका दरले हुन आउने रकम उपलब्ध गराउने ।

२०७५/१०/२८

सिजन कुमार ओली
प्रमुख प्रशासकिय अधिकृत